Pan No.: 604296535
Regd. No.: 152986-073-074

MAIKHOLA Hydropower

# Maikhola Hydropower Limited

Kathmandu, Nepal.
Supermai Cascade Hydropower Project 3.0 MW, Ilam

चं. नं : ०८१ /०८२- ०२६

मितिः २०८१/१२/११

१. श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएन आई, शान्ती मार्ग, भद्रकाली प्लाजा, काठमाण्डौं ।

२. श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

३. सि. डि. एस. एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं ।

विषयः जानकारी गराएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस माई खोला हाइड्रोपावर लिमिटेडले विद्युत नियमन आयोगमा १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निष्काशनका लागी स्वीकृती माग गरी निवेदन पेश गरेकोमा मिति २०८१/१२/०८, प.सं. २०८१/०८२, च.नं. ६६१ को आयोगको पत्र अनुसार कम्पनीको चुक्ता पुँजी रु. ३९,२१,५६,८००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न सहमती प्रदान गरिएको भन्ने पत्र मिति २०८१/१२/११, ४:०० बजे कम्पनीमा प्राप्त भएकोले सो पत्रको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

**संलग्न कागजात**
-विद्युत नियमन आयोगको पत्रको प्रतिलिपि

भवदीय,

MAIKHOLA Hydropower

.................................
रितेश रजक
कार्यकारी प्रमुख तथा कम्पनी सचिव

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)


प.सं.: २०८१/०८२

च.नं.: ६६१

मितिः २०८१।१२।०८

**विषयः शेयरको प्रारम्भिक सार्वजनिक निष्काशनको पूर्व स्वीकृति सम्बन्धमा ।**

**श्री माई खोला हाइड्रोपावर लिमिटेड**

**महाराजगञ्ज , काठमाडौं ।**

प्रस्तुत विषयमा तहाँ कम्पनीको मिति २०८१।१०।२४, २०८१।११।१६ र २०८१।११।२७ को आयोगमा पेस भएको निवेदनका सम्बन्धमा यस आयोगको मिति २०८१।१२।०१ को २६५ औं बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

**विद्युत नियमन आयोगको निर्णय (मिति २०८१।१२।०१ को २६५ औं बैठक,निर्णय नं.८)**

"प्रचलित कानुन बमोजिम विद्युतको उत्पादन अनुमतिपत्र प्राप्त कम्पनी श्री माई खोला हाइड्रोपावर लिमिटेडको साविकको अधिकृत पुंजी रु.४०,००,००,०००/-, जारी पुंजी रु. ३९,२१,५६,८००/- र चुक्ता पुँजी रु. ३९,२१,५६,८००/- (सर्वसाधारणबाट रु. १९,२१,५६,८००/- र संस्थापक समुहबाट रु. २० करोड) रहेकोमा १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निष्काशन पश्चात हुने अधिकृत पुँजी रु.८०,००,००,०००/-, जारी पुँजी रु. ७८,४३,१३,६००/-र चुक्ता पुँजी रु. ७८,४३,१३,६००/- (सर्वसाधारण शेयरधनीबाट रु. ३८,४३,१३,६००/- र संस्थापक समुहबाट रु. ४० करोड) को प्रस्ताव साधारणसभा पेश गर्ने स्वीकृतिका लागि आयोगको मिति २०८०/०४/१५ को २०१ औं बैठकको (निर्णय नं : १३) निर्णय भएको थियो । १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निष्काशनको स्वीकृतिको लागि आयोगमा मिति २०८१/१०/२४ मा माई खोला हाइड्रोपावर लिमिटेडबाट अनलाइन तथा भौतिक रुपमा प्राप्त हुन आएको निवेदनमा विद्युतसम्बन्धि कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमनसम्बन्धि निर्देशिका, २०७८ को अनुसूची ५ बमोजिम कागजातहरु पेश नभएकाले मिति २०८१/११/०६ मा अनलाइन प्रणालीमा पुनःकागजात पेश गर्न पत्राचार गरिएकोमा माग बमोजिम कम्पनीबाट मिति २०८१/११/१६ र २०८१/११/२७ मा आयोगमा प्राप्त हुन आएका कागजातउपर छलफल हुँदा माग बमोजिम तपसीलका शर्तहरु समेत पालन गर्ने गरी विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ तथा विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमनसम्बन्धी निर्देशिका, २०७८ को दफा ४ को उपदफा (६)(७) र (८)बमोजिम पूर्वस्वीकृति दिने।"

**सर्तहरू:**

१ .शेयरको प्रारम्भिक सार्वजनिक निष्कासन जुन प्रयोजनका लागि भनी पूर्व स्वीकृति लिइएको हो सोही प्रयोजनमा सो रकम खर्च गरी शेयरको प्रारम्भिक सार्वजनिक निष्कासनसम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएको पन्ध्र दिनभित्र सोको जानकारी आयोगमा गराउनुपर्नेछ ।

२ .प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

३ .प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

४ .तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ ।

५ .आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

६ .आयोगबाट शेयरको प्रारम्भिक सार्वजनिक निष्कासनका लागि निवेदन दिँदा IPO रकम जुन सुकै प्रयोजनका लागि भनि उल्लेख भएको भएता पनि ऊर्जा सँग सम्बन्धित बाहेक अन्य विषयमा लगाउन पाइने छैन ।

(विकास डंगोल)

शाखा अधिकृत

**बोधार्थ: श्री नेपाल धितोपत्र बोर्ड ललितपूर ।**


**विद्युत नियमन आयोग**

सानो गौचरण, काठमाडौं, नेपाल

इमेलः info@erc.gov.np | वेबसाइटः www.erc.gov.np

फोनः +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्सः +९७७-१-४४३२५८२